# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

# तेईसौं वार्षिक साधारण सभाको

## छलफल तथा निर्णयहरुको विवरण

## (माइन्यूट)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
पो.ब. २०७८९, पुतलीसडक, काठमाडौं
फोन नं. : ४२६८०१९, ४२६८०२०
फ्याक्स : ४२४७७०२

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
# तेईसौं वार्षिक साधारण सभामा भएका
# छलफल तथा निर्णयहरुको विवरण (माइन्यूटस्)

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को संचालक समितिको मिति २०७८/९/५ का दिन बसेको ३६६ औं बैठकको निर्णय अनुसार बोलाइएको तेइसौं वार्षिक साधारण सभा २०७८ साल पौष ३० गते शुक्रबार (January 14, 2022) का दिन बिहान ११:०० बजे अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौंबाट सञ्चालन भएको थियो । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) नेपालमा पनि महामारीको रुपमा फैलिएको र यसको नयाँ भेरिएण्ट ओमिकोनको उच्च जोखिम रहेको परिप्रेक्षमा नेपाल सरकारले जारी गरेका सुरक्षाका मापदण्डहरु समेत पालना गर्नु पर्ने अवस्थाका कारणले साधारण सभामा भाग लिंदा विद्युतिय माध्यमबाट समेत भाग लिन सकिने व्यवस्था गरी सोही अनुसार शेयरधनीहरुलाई सभामा भाग लिईदिनु हुन सूचना प्रकाशन गरी अनुरोध गरिएको थियो । सञ्चालक समितका अध्यक्ष तथा सञ्चालकहरु सभा सञ्चालन कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुजाता जोशीज्यूले गर्नु भएको थियो र सभामा उपस्थित तथा सहभागी सबैलाई स्वागत गर्दै कम्पनी सचिवले सभाको सञ्चालन गर्नु भएको थियो । साधारण सभामा अध्यक्षबाट आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात उक्त प्रतिवेदन तथा आ.व. ०७७/०७८ को आर्थिक बिवरण माथि छलफल हुनुको साथै छलफलका लागि निर्धारित विषयसूची अनुसारका प्रस्तावहरुमा छलफल तथा निर्णय गरिएको थियो । सभा बिहान ११.०० बजे शुरु भई अपरान्ह १२.३० बजे समापन भएको थियो ।

१. <u>सभाको सूचना तथा प्रकाशनः</u>

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको (Covid-19) कारणले उक्त साधारण सभा विद्युतिय (भर्चुअल) माध्यमबाट समेत सञ्चालन हुने व्यहोरा उल्लेख गरी मिति २०७८/९/७ को अभियान राष्ट्रिय दैनिक र मिति २०७८/९/२० को कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

कोभिड-१९ को नयाँ भेरियण्ट ओमिकोन तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा मिति २०७८/९/२६ गते नेपाल सरकार, गृह मन्त्रालय र नेपाल राष्ट्र बैंकले जारी गरेको सूचनालाई समेत मध्यनजर गरीसुरक्षा मापदण्डको पालना गरी सभा संचालन गर्नुपर्ने बिशेष परिस्थितिका कारणले उक्त साधारण सभा विद्युतिय (भर्चुअल) माध्यमबाट सञ्चालन हुने व्यवस्था गरी सभा गरिने व्यहोरा उल्लेख गरी मिति २०७८/९/२६ गतेको अभियान राष्ट्रिय दैनिक र २०७८/९/२९ को कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

तेइसौं वार्षिक साधारण सभाका सूचना तथा संस्थाको तेइसौं वार्षिक प्रतिवेदन र आ. व. ०७७/०७८ को आर्थिक विवरणहरु संस्थाको वेभसाइट www.rmdcnepal.com मा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

२. **सभा भएको मिति, समय र स्थान:**

मिति : २०७८/९/३० गते शुक्रबार ।

समय : बिहान ११:०० बजे ।

स्थान : अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौं । (विद्युतिय (भर्चुअल) माध्यमबाट समेत सञ्चालन गरिएको ।)

३. **उपस्थिति, गणपुरक संख्या र सभा संचालन**

संस्थाको तेईसौं वार्षिक साधारण सभामा ७ जना संचालकहरुको उपस्थिति रहेको थियो । कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ अनुसार कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति रहेमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान रहेकोमा संस्थाको कुल शेयर संख्या १,०३,४२,२१९ मध्ये ६१,७४,३०१ शेयरको (५९.६९प्रतिशत) शेयरको प्रतिनिधित्व हुने गरी ५९ जना सेयरधनीहरु भौतिक र बिद्युतिय माध्यमबाट (भर्चुअल रुपमा) उपस्थित हुनु भएको हुँदा साधारण सभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम ५ बमोजिम आवश्यक गणपुरक संख्या पुरा भएको ब्यहोरा सभामा जानकारी गराउँदै कम्पनी सचिवले रितपूर्वक सभा सञ्चालनको लागि अनुमति माग्नु भयो । प्रस्तुत बिषयमा सभामा उपस्थित तथा सहभागी शेयरधनीहरुले गणपुरक संख्या पुगेको र सभा रितपुर्वक बोलाइएको ठहर गरी सभा सञ्चालन गर्न अनुमति दिएपछि संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीको सभापतित्वमा सभा संचालन भएको थियो । साधारण सभामा भएको उपस्थिति तथा सहभागिताको विवरण संलग्न अनुसूची-१ मा दिइएको छ ।

४. **छलफलका विषयहरु:** साधारण सभामा निम्न बमोजिमका प्रस्तावहरु पेश गरिएको थियो:

(क) **साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट २३ औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७७/०७८ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरु सहितको आ.व. २०७७/०७८ को वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूंजी रु. १,०३,४२,२१,९००/- को ५% ले हुने रकम रु.५,१७,११,०९७/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को हिसाव किताव लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना संचालकको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु**

१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पूँजी रु. १,०३,४२,२१,९००/- को २०% ले हुने रकम रु.२०,६८,४४,३८८/- बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति) वा प्राप्त गर्न उपयुक्त देखिएमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

४. संस्थाको नियमावलीको नियम २९ को उपनियम (१) (ख) संशोधन गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

(ग) **विविध**

## ५. सभा सन्चालन तथा प्रस्ताव उपर छलफल:

५.१. बिषयसूची अनुसार साधारण सभाको सन्चालन भएपछि संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीलाई संस्थाको तेइसौं बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षले सन्चालक समितिको तर्फबाट संस्थाको आ.ब. २०७७/७८ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । अध्यक्षबाट बार्षिक प्रतिवेदनको प्रस्तुती पछि सो प्रतिवेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको संस्थाको आ.ब. ०७७/०७८ को आर्थिक विवरणमा राय, सुझाव र प्रतिकृया राख्न तथा छलफलको लागि अनुरोध गरिएकोमा निम्न बमोजिम ३ जना शेयरधनीहरुले आफ्नो राय, सुझाव सहित मन्तव्य राख्नु भएको थियो । शेयरधनीबाट व्यक्त राय, सुझाव र मन्तव्यको सार निम्न बमोजिम रहेका छन् :

**क) सेयरधनी श्री उद्धव प्रसाद घिमिरे:**

आरएमडीसीको २३ औं साधारण सभामा उपस्थित भै संस्थाको सम्बन्धमा बोल्ने अवसर दिनु भएकोमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.को अध्यक्षज्यू, कार्यकारी प्रमुखज्यू र उच्च

व्यवस्थापन प्रति धन्यवाद व्यक्त गर्दछु भन्नु भयो । त्यसैगरी आरएमडीसीले २०% बोनश शेयर तथा ५% नगद लाभाशं दिनु उत्कृष्ठ रहेको बताउँदै यसको लागि पनि धन्यवाद दिन्छु भन्नु भएको थियो । आरएमडीसीको वासलातको आकार बढेको, कर्जा लगानीमा वृद्धि उत्साहजनक रहेको, शेयर पूंजी भन्दा जगेडा तथा कोषहरु बढी भएकोले संस्था बलियो रहेको, कोषको लागतमा सन्तुलन रहेको, वित्तीय सूचकांकहरु राम्रो रहेको तथा समग्रमा संस्थाको आर्थिक अवस्था सकारात्मक देखिनु सह्रानिय हो भनी प्रसंसा पनि गर्नु भयो । संस्थाको वार्षिक प्रतिवेदनमा ग्राफ, चार्टहरु समेत भएमा अझ राम्रो हुने भएकोले आगामी वर्ष वार्षिक प्रतिवेदनमा ग्राफ, चार्टहरु राख्नको लागि समेत ध्यानाकर्षण गराउनु भयो । संस्थाले अन्य संस्थासंग मर्जर वा प्राप्ती गर्ने सम्बन्धमा के भैरहेको छ भन्ने सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । साथै संस्थाको संचालकहरुले कर्मचारीको हितमा समेत ध्यान दिनुपर्ने भनाई राख्दै आरएमडीसीको उत्तोरत्तर प्रगतीको कामना गर्नु भएको थियो ।

**ख) सेयरधनी श्री शिव प्रसाद पौडेल**

आरएमडीसीले आ.व. २०७७/०७८ मा २०% बोनस शेयर तथा ५% नगद लाभाशं दिन सफल भएकोमा खुसी व्यक्त गर्दै धन्यवाद दिनु भएको थियो साथै आगामी वर्ष साबिकको लाभांश दर नघटाउन पनि सुझाव दिनु भएको थियो । आगामी वर्ष असोज महिना भित्रै संस्थाको साधारण सभा गर्न सफल हुनुहोस् भन्ने सुझाव राख्दै पारित भएको नगद लाभांश र बोनस सेयर समयमा नै सेयरधनीहरुको खातामा जम्मा हुने व्यवस्थाको लागि पनि सुझाव दिनु भयो । साथै संस्थाको उत्तोरत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु भन्दै आफ्नो भनाई अन्त गर्नु भएको थियो ।

**ग) सेयरधनी श्री डमरु बल्लभ घिमिरे:**

आरएमडीसीले आ.व.२०७७/०७८ को लाभाशं २५% दिनु सकारात्मक रहेको बताउनु भएको थियो । आगामी वर्ष सकेसम्म मंसिर महिना भित्र, सो सम्भव नभएपनि पौष महिनाको १५ गते भन्दा अगावै संस्थाको साधारण सभा गर्न सफल होस् भनी शुभकामना व्यक्त गर्नु भएको थियो ।

शेयरधनीबाट राय सुझाव र मन्तव्य दिने काम सकिएपछि संचालक समितिका अध्यक्ष श्री सुजाता जोशीज्यूले शेयरधनी महानुभावहरुवाट प्राप्त राय, सुझाव र प्रतिकृयाका सम्बन्धमा जवाफ दिनु भएको थियो । अध्यक्षज्यूले साधारण सभामा उपस्थित/सहभागी भई महत्वपूर्ण सुझाव दिनु भएकोमा सबैलाई धन्यवाद दिन्छु भन्नु हुँदै उहाँहरुको जिज्ञासाका सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भएको थियो ।

(१) लाभांशका सम्बन्धमा स्पष्ट पार्दै आरएमडीसीले हाल दिएको लाभांशभन्दा कम नहुने गरी लाभांश वितरण गर्न प्रतिबद्ध रहेको र संस्थाको प्रयास त्यसै तर्फ अग्रसर रहेको कुरा समेत जानकारी गराउनु भयो ।

(२) संस्था गाभ्ने/गाभिने (मर्जर) सम्बनधमा पनि संस्थामा मर्जर कमिटी गठन भैसकेको र आगामी आषाढ मसान्तभित्र संस्थाले अन्य संस्थासंग मर्जर वा प्राप्ती सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई योजना पेश गर्ने गरी काम भैरहेको बताउनु भयो ।

(३) आगामी वार्षिक प्रतिवेदनमा ग्राफ, चार्टहरु राख्न प्रयास गरिने बताउनुभएको थियो ।

(४) पारित भएको नगद लाभांश र वोनस सेयर समयमा नै सेयरधनीहरुको खातामा जम्मा हुने व्यवस्था मिलाउने बताउँदै आगामी वार्षिक साधारण सभा चाँडै गर्न प्रयास गरिने कुरा पनि बताउनु भयो ।

(५) आरएमडीसीको कार्यालय भवनको लागि हालै मध्य बानेश्वर स्थित २१ आना जग्गा र सोमा बनेको घर सहितको घरजग्गा खरीद गरि सकेको ब्यहोरा पनि शेयरधनीहरुलाई जानकारी गराउदै आफ्नो भनाइ अन्त गर्नु भएको थियो ।

६. **प्रस्ताव तथा निर्णयहरु:**

वार्षिक प्रतिबेदनमाथिको छलफल तथा त्यसमा उठेका प्रश्नहरुका सम्बन्धमा जवाफ दिने काम समाप्त भएपछि विषयसूची अनुसार सभा समक्ष निर्णयार्थ निम्न बमोजिम प्रस्तावहरु पेश भई सभाबाट निम्न बमोजिम निर्णयहरु भए ।

(१) संचालक समितिको तर्फबाट पेश भएको संस्थाको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत भई त्यसमा आवश्यक छलफल तथा शेयरधनीहरुबाट राय प्रतिकृया दिने र अध्यक्षबाट जवाफ दिने काम समेत सम्पन्न भएकोले अध्यक्षबाट प्रेशित संस्थाको आ.ब. ०७७/०७८ वार्षिक प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रस्ताव पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) संस्थाका लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्टस् श्री एसआर पाण्डे एण्ड कम्पनीका तर्फबाट चार्टर्ड एकाउण्टेण्ट श्री सुदर्शन राज पाण्डेले संस्थाको आ.व. २०७७/७८ को हिसाव किताव लेखापरीक्षण गरी दिएको प्रतिवेदन, २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु र नेपाल वित्तीय विवरण मान (NFRS) अनुसार समेत तयार पारिएको संस्थाको आ.व २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाह विवरण लगायत सम्बन्धित अनुसूचीहरु सहितको आ.ब. ०७७/०७८ को वित्तिय विवरणहरु स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

(३) संचालक समितिले सिफारिस गरे अनुसार चुक्ता पूँजी रु. १,०३,४२,२१,९००।- को ५% ले हुने रकम रु.५,१७,११,०९७/- (अक्षरुपी पाँच करोड सत्र लाख एघार हजार सन्तानब्बे) नगद लाभांश (वोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृतिको लागि प्रस्ताव पेश गरिएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

(४) संस्थाको आर्थिक वर्ष २०७८/७९ को हरहिसाव लेखापरीक्षण गर्नको लागि वाह्य लेखापरिक्षक नियुक्त गर्ने सम्वन्धमा संस्थाको लेखापरीक्षण समिति र संचालक समितिले जे.बी. राजभण्डारी एण्ड डिवीन्स, (चार्टर्ड एकाउण्टेण्टस्) दरवारमार्ग, काठमाडौंलाई लेखापरीक्षक नियुक्त गर्न र लेखापरीक्षण गरे बापत रु. ३,००,०००।- (भ्याट बाहेक) पारिश्रमिक तोक्न सिफारिस गरेको ब्यहोरा सभा समक्ष जानकारी गराइयो। साथै लेखापरिक्षण समितिको सिफारिस बमोजिम जे.बी. राजभण्डारी एण्ड डिवीन्स, (चार्टर्ड एकाउण्टेण्टस्) दरवारमार्ग, काठमाडौंलाई लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरेबापत रु.३,००,०००।- (भ्याट बाहेक) पारिश्रमिक तोक्न प्रस्ताव गरिएकोमा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(५) संस्थाको संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजी रु. १,०३,४२,२१,९००/-को २०% ले हुने रकम रु.२०,६८,४४,३८८/-(अक्षरुपी बीस करोड अठ्साठी लाख चवालिस हजार तीन सय अठासी) बराबरको बोनस सेयर वितरण गर्न र उक्त अनुपातमा बोनस सेयर जारी गर्दा हुन आउने भिन्न अंक (fraction) लाई पहिलेको भिन्न अंकसंग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने गरी बोनस शेयर वितरण गर्न स्वीकृतिका लागि विशेष प्रस्ताव पेश भएकोमा सभाले सञ्चालक समितिबाट निर्णय भई पेश भएको उक्त विशेष प्रस्ताव पारित गर्ने सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

(६) यस आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति) वा प्राप्त गर्न उपयुक्त देखिएमा त्यस्ती संस्थासँग गाभ्ने गाभिने वा प्राप्त गर्ने सन्दर्भमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्याकनकर्ता नियुक्त गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्वन्धी सम्झौता गर्न तथा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्यहरु अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्न विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव पारित गर्ने सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

(७) संचालक समितिले प्रस्ताव गरे अनुसार बोनस सेयर जारी गर्न कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्नु पर्ने भएको र सो प्रयोजनकालागि संस्थाको प्रवन्धपत्रको दफा ५ (ख) र दफा ५ (ग) मा संशोधन गर्न आवश्यक भएकोले विद्यमान प्रवन्धपत्रमा निम्नानुसार संशोधन गर्न स्वीकृतार्थ विशेष प्रस्ताव पेश गरिएकोमा सभाले पेश गरिए बमोजिम नै प्रवन्धपत्रमा संशोधन गर्ने सो विशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

<u>संस्थाको प्रवन्धपत्रको दफा ५ (ख) मा संशोधन:</u>

प्रवन्धपत्रको दफा ५ (ख) मा रहेका "वित्तीय संस्थाको जारी पूँजी रु.१,०३,४२,२१,९००।- (अक्षरेपि एक अर्ब तीन करोड बयालिस लाख एकाईस हजार

नौ सय) हुनेछ । सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले १,०३,४२,२१९।- (एक करोड तीन लाख बयालिस हजार दुई सय उनाईस) थान साधारण सेयरमा विभाजन गरिएको छ" भन्ने वाक्यहरुको सट्टा "वित्तीय संस्थाको जारी पूँजी रु.१,२४,१०,६६,३००।- (अक्षरेपि एक अर्ब चौबीस करोड दश लाख छैसठ्ठी हजार तीन सय) हुनेछ । सो पूँजीलाई प्रतिसेयर रु. १००।- का दरले १,२४,१०,६६३ (एक करोड चौबीस लाख दश हजार छ सय त्रीसठी) थान साधारण सेयरमा विभाजन गरिएको छ" भन्ने वाक्यहरु राखी संशोधन गर्ने ।

संस्थाको प्रबन्धपत्रको दफा ५ (ग) मा संशोधन:

प्रबन्धपत्रको दफा ५ (ग) मा रहेको "वित्तीय संस्थाको चुक्ता पूँजी रु.१,०३,४२,२१,९००।- (अक्षरेपि एक अर्ब तीन करोड बयालिस लाख एकाईस हजार नौ सय) हुनेछ" भन्ने वाक्यको सट्टा "वित्तीय संस्थाको चुक्ता पूँजी रु.१,२४,१०,६६,३००।- (अक्षरेपि एक अर्ब चौबीस करोड दश लाख छैसठ्ठी हजार तीन सय) हुनेछ" भन्ने वाक्य राखी संशोधन गर्ने ।

(८) संस्थाको नियमावलीको नियम २९ को उपनियम (१) (ख) मा सञ्चालक समितिको बैठकमा भाग लिए वापत सञ्चालकले प्रति बैठक रु. ५,०००/- बैठक भत्ता पाउने व्यवस्था रहेको र उक्त बैठक भत्ता पाँच बर्ष अगाडीको साधारण सभाबाट निर्धारण भएको व्यहोरा सभामा जानकारी गराइयो । सञ्चालकले बैठकको काम कारवाहीमा दिनु पर्ने समय तथा सञ्चालकको जिम्मेवारी समेतलाई विचार गर्दा वर्तमान अवस्थामा उक्त भत्ता समय सापेक्ष नभएको सो भत्ता बृद्धि गर्न सभा समक्ष प्रस्ताव गरियो । साथै भत्ता बृद्धि गर्न संस्थाको नियमावलीको नियम २९ को उपनियम (१) (ख) मा संशोधन हुनु पर्ने भएकोले सो उपनियममा संशोधन गर्न विशेष प्रस्ताव पेश गरियो । प्रस्तुत प्रस्ताव उपर छलफल हुंदा सभाबाट सञ्चालकले प्रति बैठक रु. ५,०००/- बैठक भत्ता पाई रहेकोमा सो भत्तामा बृद्धि गरी प्रति बैठक रु. ७,५००/- (सात हजार पाँच सय) बैठक भत्ता निर्धारण गर्ने र सोही अनुरुप संस्थाको नियमावलीको नियम २९ को उपनियम (१)(ख) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतीबाट निर्णय भयो ।

नियमावलीको नियम २९ को उपनियम (१) (ख) मा संशोधन:

संस्थाको नियमावलीको नियम २९ को उपनियम (१) (ख) मा रहेको "समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता रु.५०००।- हुनेछ ।" भन्ने वाक्यको सट्टामा "समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता रु.७५००।- हुनेछ ।" भन्ने वाक्य राखी संशोधन गर्ने ।

(९) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रयोजनको लागि कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट सोमा थपघट वा परिमार्जन गर्नु पर्ने गरी निर्देशन भई आएमा सो थपघट वा परिमार्जन गरी स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट वा परिमार्जन, संशोधन तथा सच्याउनको लागि गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय भयो ।

(१०) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन कार्यक्रमको सूचना २०७८ पुस १८ गते संस्थाको सूचना पाटी र वेभसाइटमा सूचना प्रकाशित गरिएको थियो । संस्थाको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुईवटा पद रिक्त भई उक्त दुई पदमा निर्वाचनका लागि सूचना प्रकाशित गरिएकोमा एक पदका लागि का.प.जि., नमोबुद्ध न.पा. वडा नं. १० हाल कागेश्वरी मनोहरा न.पा., वडा नं २ बस्ने भिमप्रसाद तिमल्सिनाको र अर्को एक पदका लागि का.जि.का.म.न.पा. वडा नं. ३१, बानेश्वर बस्ने श्री मुरली प्रसाद शर्मा समेत २ जनाले उम्मेदवारी दर्ता गराएको व्यहोरा निर्वाचन अधिकृत श्री सन्जीव कुमार लामाले सभा समक्ष जानकारी गराउनु भयो । सोही अनुसार मिति २०७८/९/२३ गते आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. को निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा समेत उक्त २ जना उम्मेदवारहरुको मात्र उम्मेदवारी दर्ता कायम रहेको हुनाले मिति २०७८/९/३० गतेको वार्षिक साधारण सभामा निर्वाचन अधिकृत श्री संजीव कुमार लामाले संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट का.प.जि., नमोबुद्ध न.पा. वडा नं. १० हाल कागेश्वरी मनोहरा न.पा., वडा नं २ बस्ने श्री भिम प्रसाद तिमल्सिना, र , का.जि.का.म.न.पा. वडा नं. ३१, बानेश्वर बस्ने श्री मुरली प्रसाद शर्मा समेत २ जना निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो । नवनिर्वाचित संचालकहरुलाई संस्थाको संचालक समितिको तर्फबाट अध्यक्ष श्री सुजाता जोशी, संचालक समितिका अन्य सदस्यहरु र संस्थाको व्यवस्थापन समितिका पदाधिकारीहरुले हार्दिक बधाई ज्ञापन सहित स्वागत गर्नु भयो ।

अन्तमा सभामा सहभागी सबै शेयरधनी महानुभावहरु, सन्चालक तथा अन्य पदाधिकारीहरुलाई सभा सूचारु रुपमा सन्चालन गरी सम्पन्न गर्न दिनु भएको सहयोग र योगदानका लागि धन्यवाद दिँदै अध्यक्षले तेईसौं वार्षिक साधारण सभा अन्त भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह १२.३० बजे समापन भएको थियो ।

| | |
|---|---|
| ............... | ............... |
| **अनिल कृष्ण जोशी** | **सुजाता जोशी** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |
| | **संचालक समिति** |

# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
## सभामा उपस्थिति

अनुसूची-१

(क) संचालकहरु

| क्र.सं. | संचालकको नाम | प्रतिनिधित्व गरेको समूह/संस्थाको नाम |
|---|---|---|
| १. | श्री सुजाता जोशी, अध्यक्ष | नेपाल इन्भेष्टमेण्ट बैंक लि. |
| २. | श्री जयेन्द्र बिक्रम शाह, संचालक | हिमालयन बैंक लि. |
| ३. | श्री नमिता दीक्षित, संचालक | नबिल बैंक लि. |
| ४. | श्री समला पन्त भट्ट, संचालक | नेपाल बैंक लि. |
| ५. | श्री भिम प्रसाद तिमल्सिना, संचालक | सर्वसाधारण सेयरधनी |
| ६. | श्री वासुदेव आचार्य, संचालक | स्वतन्त्र |
| ७. | श्री मुरली प्रसाद शर्मा, संचालक | सर्वसाधारण सेयरधनी |

(ख) संस्थापक र सर्वसाधारण शेयरधनीहरु उपस्थिति

| क्र. सं | शेयरधनी संस्थाको नाम, ठेगाना | शेयर संख्या | प्रतिशत | शेयरधनी/प्रतिनिधिको नाम |
|---|---|---|---|---|
| १. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि.,<br>नयाँ बानेश्वर | १०,३८,००० | १०.०४% | श्री अमल बस्नेत |
| २. | नबिल बैंक लि.,<br>तिनधारा | १०,०८,७६३ | ९.७५% | श्री नमिता दीक्षित |
| ३. | हिमालयन बैंक लि.,<br>कमलादी | ९५४,६६६ | ९.२३% | श्री जयेन्द्र विक्रम शाह |
| ४. | नेपाल इन्भेष्टमेण्ट बैंक लि.,<br>दरबार मार्ग | ७६४,७८१ | ७.३९% | श्री टुल जंग पाण्डे |
| ५. | नेपाल बैंक लि.,<br>धर्मपथ | ७४३,६४८ | ७.१९% | श्री ऋषिराम न्यौपाने |
| ६. | अन्तर्राष्ट्रिय वित्त निगम,<br>अमेरिका | ५९६,६६६ | ५.७७% | श्री रविकान्त अग्रवाल |
| ७. | नेपाल एस.बि.आई. बैंक लि.,<br>लैनचौर | ३७५,७९९ | ३.६३% | श्री सिर्जना बिष्ट |
| ८. | एभरेष्ट बैंक लि.,<br>लाजिम्पाट | ३२८,२७४ | ३.१७% | श्री विष्णु ज्ञवाली |
| ९. | राष्ट्रिय बाणिज्य बैंक लि.,<br>सिंहदरबार | १६४,९७८ | १.६०% | श्री आनन्द सुबेदी |
| १०. | बैंक अफ काठमाण्डू लि.,<br>कमलपोखरी | १७१,०२३ | १.६५% | श्री मनिष कुमार सिंह |
| ११. | श्री खगेन्द्र राज अवस्थी | २०० | ०.००% | |
| | संस्थापक सेयरधनीहरुको उपस्थिति | ६१,४६,७९८ | ५९.४३ | |
| १२. | सर्वसाधारण शेयरधनीहरु (४७ जना) | २७,५०३ | ०.२६ | |
| | जम्मा | ६१,७४,३०१ | ५९.६९ | |

(ग) सर्वसाधारण शेयरधनीहरुको उपस्थिति

| S.No | BOID No./ID No. | Holder's Name | Total Kitta |
|---|---|---|---|
| 1 | 1301090000993244 | Abadh Kumar Thakur | 20 |
| 2 | 1301090000338056 | AmulyaRatnaTamrakar | 206 |
| 3 | 1301240000016529 | Anil Krishna Joshi | 2306 |
| 4 | 1301120000168504 | Anish Rijal | 25 |
| 5 | 1301320000012102 | Anita Dangol | 649 |
| 6 | 1301240000033895 | BasudevLamichhane | 2306 |
| 7 | 1301020000015226 | BhimBahadurTamang | 65 |
| 8 | 1301350000011085 | Bhim Prasad Timalsina | 723 |
| 9 | 1301240000000029 /1301300000007679 | BijendraNhuchchhe Pradhan | 326 |
| 10 | 1301020000204938 | BikashNemkul | 30 |
| 11 | 1301090000029927 | BimalaPasachhen | 65 |
| 12 | 1301240000000183 | Bindy Shrestha | 11 |
| 13 | 1301020000007065 | BishnuLaxmiPanta | 108 |
| 14 | 1301230000013719 | BuddhiSagar Tiwari | 258 |
| 15 | 13401 | Chandra Das Tuladhar | 89 |
| 16 | 1301120001169687 | Chandra LaxmiKayastha | 28 |
| 17 | 1301120000002270/ 1301020000000342 | DamaruBallavGhimire | 25 |
| 18 | 1301250000003280 | Deepak Kumar Neupane | 43 |
| 19 | 1301060000000256 | Drramjee Prasad Pandit | 632 |
| 20 | 1301340000000724 | Gyanu Maya Bhandari | 2306 |
| 21 | 1301020000078777 | Hari Krishna Maharjan | 19 |

NMDC

१०

| | | | |
|---|---|---|---|
| 22 | 1301090000027457 | JagadisworLal Shrestha | 41 |
| 23 | 1301250000004075 | JanakBhushanDhaubhadel | 66 |
| 24 | 1301370000248812 | JharanaRanjitkar | 23 |
| 25 | 1301100000084561 | Krishna Prasad Adhikari | 26 |
| 26 | 1301090000019676 | Mahesh Kumar Pradhan | 80 |
| 27 | 1301020000007181 | Min Prasad Panta | 316 |
| 28 | 1301350000015250/ 1301130000007337 | Murali Prasad Sharma | 389 |
| 29 | 1301120000014835 | Neerupama Gupta | 10 |
| 30 | 1301370000032986 | Pabitra Shakya | 10 |
| 31 | 1301320000000633 | PrabinRatnaShakya | 15 |
| 32 | 1301300000041830 | Pratibha Shrestha Pradhan | 500 |
| 33 | 1301060000064796 | Rajendra Man Shakya | 23 |
| 34 | 1301400000141141 | Ram Prasad Dhungana | 5 |
| 35 | 1301270000006879 | RatinaShakya | 68 |
| 36 | 1301330000003969 | RooPBahadurKhadka | 3460 |
| 37 | 1301370000024219 | Sagar Bhakta Ranjitkar | 23 |
| 38 | 1301370000152321 | SanuMaiyaKasichhwa | 100 |
| 39 | 1301310000001389 | SaralaPradhananga | 14 |
| 40 | 1301110000020911 | SaritaRanjitkar | 30 |
| 41 | 1301240000040556 | Shankar Man Shrestha | 11308 |
| 42 | 1301090000293987 | Shanker Prasad Shrestha | 14 |
| 43 | 1301240000039863 | Shree Krishna Byanjankar | 83 |
| 44 | 1301290000006936 | Shiva Prasad Paudel | 2 |

KMDC

| | | | |
|---|---|---|---|
| 45 | 1301240000013756 | Shreejana Shrestha | 110 |
| 46 | 1301110000020468 | Sunder BahadurShakya | 328 |
| 47 | 1301010000026047 | SushilBijayananda | 201 |
| 48 | 1301020000020443 | Udhav Prasad Ghimire | 18 |
| **Total** | | | **27,503** |

(घ) आमन्त्रित अन्य अतिथिहरुको उपस्थिति

| क्र.सं. | नम | प्रतिनिधित्व गरेको संस्थाको नाम |
|---|---|---|
| १. | श्री अरुण राउत, लेखापरीषक | एस आर पाण्डे एण्ड कम्पनी, लेखापरीक्षक |
| २. | श्री संजीव कुमार लामा, निर्वाचन अधिकृत | नव श्री ल फर्म एण्ड एसोसियटस् |
| ३. | श्री बिजय लाल श्रेष्ठ | सनराइज क्यापिटल लि. |
| ४ | श्री बिजेन्द्र न्हुच्छे प्रधान | सनराइज क्यापिटल लि. |
| ५. | श्री बिन्दी श्रेष्ठ | सनराइज क्यापिटल लि. |
| ६. | श्री उमेस महर्जन | सनराइज क्यापिटल लि. |

(ङ) कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री ज्योतिचन्द्र ओझा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री पृथबहादुर थापा | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री अन्नपूर्ण श्रेष्ठ | बरिष्ठ प्रबन्धक |
| ४. | श्री रुप बहादुर खड्का | बरिष्ठ प्रबन्धक |
| ५. | श्री बासुदेव लामिछाने | प्रबन्धक |
| ६. | श्री भोलानाथ रेग्मी | प्रबन्धक |
| ७. | श्री अनिलकृष्ण जोशी | कम्पनी सचिव / प्रबन्धक |
| ८. | श्री ज्ञानुमाया भण्डारी | प्रबन्धक |
| ९. | श्री हिक्मत बहादुर बम | वरिष्ठ अधिकृत |
| १०. | श्री श्याम बाबु साह | वरिष्ठ अधिकृत |
| ११. | श्री बिमल कुमार खतिवडा | अधिकृत |
| १२. | श्री स्वेता श्रेष्ठ | अधिकृत |
| १३. | श्री श्रीजना श्रेष्ठ | कनिष्ठ अधिकृत |
| १४. | श्री निपुण मान श्रेष्ठ | कनिष्ठ अधिकृत |
| १५. | श्री सुरेन्द्र भण्डारी | वरिष्ठ सहायक |
| १६ | श्री अवध कुमार ठाकुर | वरिष्ठ सहायक |
| १७. | श्री कृष्ण प्रसाद चौलागाई | वरिष्ठ सहायक |
| १८. | श्री सुषमा प्याकुरेल | सहायक |
| १९. | श्री सानुमैया कासिछवा | सहायक |
| २०. | श्री श्रीकृष्ण ब्यन्जनकार | वरिष्ठ सवारी चालक |
| २१. | श्री दिपेन्द्र कुमार थारु | सवारी चालक |
| २२. | श्री पार्वता न्यौपाने | मेसेन्जर |